आज मिति २०८३ साल असार ३ गते सोमबारका दिन यस साकेला गाउँपालिकाका अध्यक्ष श्री रवि प्रकाश राईज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको वैठक बसी तपसिल बमोजिमको उपस्थितीमा निम्न बमोजिमको प्रस्ताव उपर छलफल गरि निर्णय पारित गरियो ।

उपस्थिती-

१. गाउँपालिका अध्यक्ष श्री रवि प्रकाश राई

२. गाउँपालिका उपाध्यक्ष श्री बिर्सिका राई

३. वडा नम्बर १ का वडा अध्यक्ष श्री हेमन राई

४. वडा नम्बर २ का वडा अध्यक्ष श्री जितेन्द्र कुमार राई

५. वडा नम्बर ३ का वडा अध्यक्ष श्री गोविन्द तामाङ

६. वडा नम्बर ४ का वडा अध्यक्ष श्री अर्जुन कुमार कटवाल

७. वडा नम्बर ५ का वडा अध्यक्ष श्री जिवन खत्री

८. कार्यपालिका सदस्य श्री मन कुमारी राई

९. कार्यपालिका सदस्य श्री सुजना वि.क.

१०. कार्यपालिका सदस्य श्री भगवती वि.क.

११. कार्यपालिका सदस्य श्री सर्मिला कट्टेल

१२. कार्यपालिका सदस्य श्री दिपक सुनार

१३. कार्यपालिका सदस्य श्री नर बहादुर दर्जी

१४. सदस्य-सचिव प्रमुख प्रशासकीय अधिकृत श्री अर्जुन राई

**आमन्त्रित तथा सहयोगी**

१. सामाजिक विकास अधिकृत श्री दुर्ग बहादुर राई
२. सूचना अधिकारी श्री डिल्लीमान राई
४. स्वास्थ्य शाखा संयोजक श्री कमल प्रसाद फुयल
५. लेखापाल श्री मातृका खतिवडा
६. सहयोगी कर्मचारी श्री राजन खड्का
७. सहयोगी कर्मचारी श्री डम्बर कुमारी सुनुवार

प्रस्तावहरु-

१. गाउँसभाको सोह्रौं अधिवेशन आयोजना तथा गाउँसभा सदस्यहरूलाई जानकारी गराउने सम्वन्धमा ।
२. कर्मचारीको तहवृद्धि सिफारिस समितिको सदस्य तोक्ने सम्बन्धमा ।
२. विविध सम्बन्धमा ।

निर्णयहरु-

प्रस्ताव नं. १ माथि विस्तृत छलफल गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुनबमोजिम गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम, बजेट, विनियोजन, आर्थिक ऐन, आवश्यक विधेयक तथा गाउँपालिकाको समग्र विकाससँग सम्बन्धित विविध विषयहरू माथि छलफल गरी निर्णयार्थ प्रस्तुत एवं अनुमोदन गर्न गाउँसभाको अधिवेशन आयोजना गर्नु आवश्यक रहेकाले मिति २०८३ साल असार १० गते साकेला गाउँपालिकाको ऐतिहासिक सोह्रौं गाउँसभा अधिवेशन आयोजना गर्ने तथा उक्त गाउँसभामा छलफल हुने वार्षिक नीति तथा कार्यक्रम, बजेट तथा अन्य प्रस्तावहरू समयमै पेश गर्ने निर्णय गरियो। साथै, गाउँसभालाई मर्यादित, व्यवस्थित र उपलब्धिमूलक बनाउन गाउँसभाका सम्पूर्ण माननीय सदस्यहरूलाई निर्धारित मिति, समय र स्थानमा अनिवार्य रूपमा उपस्थित भई सक्रिय सहभागिता जनाउन औपचारिक रूपमा अनुरोधसहित सूचना तथा निमन्त्रणा उपलब्ध गराउने निर्णय सर्वसम्मत रूपमा पारित गरियो। यसका अतिरिक्त गाउँसभा सञ्चालनका लागि आवश्यक सम्पूर्ण प्रशासनिक, व्यवस्थापकीय तथा प्राविधिक तयारी समयमै सम्पन्न गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत सम्बन्धित शाखाहरूलाई आवश्यक समन्वय र व्यवस्थापन गर्न निर्देशन दिने निर्णय समेत गरियो।

प्रस्ताव नम्बर २ माथि छलफल गर्दा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८२ को दफा २७ मा भएको कर्मचारी तहवृद्धि सम्बन्धी व्यवस्थाको उपदफा ३ बमोजिम मिति २०८३ जेष्ठ १३ गते यस साकेला गाउँपालिकाद्वारा सूचना प्रकाशित भएकोमा ऐनको दफा ४, तह र पदनाम सम्बन्धी व्यवस्थाको उपदफा १६ र १७ बमोजिम पर्न गएको निवेदन उपर ऐनको दफा २७ को उपदफा ४ बमोजिम कर्मचारी तहवृद्धिका लागि तपशिल बमोजिमको सिफारिस समिति गठन गर्ने निर्णय गरियो । कर्मचारी तहवृद्धिका लागि गठन गरिएको सिफारिस समिति देहाय बमोजिम हुनेछ ।

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत श्री अर्जुन राई | संयोजक |
| प्रशासन शाखा संयोजक श्री कोपिला राई | सदस्य |
| वरिष्ठ कर्मचारी सामाजिक विकास अधिकृत श्री दुर्ग बहादुर राई | सदस्य |

प्रस्ताव नम्बर ३ माथि छलफल गर्दा निर्णय गर्नुपर्ने थप अन्य विषय नभएकाले वैठकका अध्यक्षज्यूबाट आजको वैठक यहीं समापन गर्ने निर्णय गरियो ।